नि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक १९२ | २०७६ साल फागुन १७ गते शनिबार (29 Feb. 2020 Saturday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- सम्पत्तिको आपराधिक उपयोग गर्ने (अर्काको सम्पत्ति बेइमानीको नियतले उपयोग, हानि नोक्सानी वा हिनामिना गर्ने) लाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने,
- आपराधिक विश्वासघात गर्ने (आफ्नो जिम्मा वा संरक्षणमा रहेको सम्पत्ति करार वा सम्झौता विपरीत अर्कालाई उपयोग गर्न दिने वा हक टुटाई अरुलाई दिने) लाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना हुने,
- अपराधिक लाभ (एक्टर्सन) लिने (अरुलाई धम्क्याई निजबाट लाभ लिने) लाई सात बर्षसम्म कैद र सत्तरी हजार रुपौयाँसम्म जरिबाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*Log on : rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : काँग्रेसले क्रियाशील सदस्यता ... ३ पृष्ठमा : सङ्घीयता कार्यान्वयमा ३ पृष्ठमा : दक्षिण कोरियामा २ हजार ३ सय ...

# सरकारी रकमको दुरुपयोग

## सुन्दरी खोला बग्ने धारमै सामुदायिक भवन निर्माण हुँदै



संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत प्राप्त २५ लाख रुपैयाको लागतमा उपभोक्ता समिति मार्फत सप्तरीको कंचनरुप नगरपालिका २ बरमझियास्थित सुन्दरी खोला बग्ने धारमै सामुदायिक भवन निर्माण हुँदै । *तस्बिर : राजविराज दैनिक*

**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**

पूर्वपश्चिम राजमार्ग अन्तरगत सप्तरीको कंचनरुप नगरपालिका २ बरमझियास्थित सुन्दरी खोला बग्ने धारमै सामुदायिक भवन निर्माण भइरहेको छ ।

खोला बग्ने स्थान र सार्वजनिक सडकको समेत केही भाग मिच्दै सामुदायिक भवन निर्माण कार्यप्रति स्थानीयले आपत्ति समेत प्रकट गरेका छन् ।

संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत प्राप्त २५ लाख रुपैयाको अनुदानबाट उपभोक्ता समिति मार्फत सो निर्माण कार्य भइरहेको छ ।

यता स्थानियले खोला बग्ने स्थानमा भवन निर्माण कार्य रोक लगाउन माँग गर्दै कंचनरुप नगरपालिका तथा सरोकारवाला अन्य निकायमा ध्यानाकर्षण पत्र समेत बुझाएका छन् । स्थानियले दुवै भवन निर्माण कार्य नमुना मापदण्ड २०७० को विपरित भएको तथा आसपासका वस्ती डुवानको जोखिममा पर्ने भन्दै यसलाई रोक्नुपर्ने माग गरेका छन् ।

तत्कालिन बरमझिया गाविसका अध्यक्ष समेत रहेका छेदीलाल पण्डितले सरकारी रकम खेर जान नदिन र वर्षायाममा आउने बाढीले बस्तीलाई जोगाउन आफुहरु सरोकारवाला निकायलाई घचघचाई रहेको बताएका छन् ।

यता निर्माण स्थलमा आयोजनाको नाम, लागत रकम, निर्माण कार्य सुरु गरेको मिति तथा निर्माण कार्य पुरा गर्ने समयावधि लगायतका जानकारी दिने कुनै बोर्ड समेत राखिएको छैन ।

उपभोक्ता समिति पनि गोप्य ढंगले गठन गरिएको स्थानियबासीको दावी छ । जसकारण निर्माण कार्यमा समेत आर्थिक अनियमितता भईरहेको भन्दै स्थानियले सो को पनि छानविन हुनुपर्ने माग गरेका छन् । खोला किनारमा लाखौंको लगानीमा बन्दै गरेको भवन बाढीले भत्काएर खेर जाने र बस्ती पनि बाढीको जोखिममा पर्ने सम्भावना समेत रहेको छ ।

यस्तै उपभोक्ता समितिका अध्यक्ष दुर्योधन गोसाईले नगरपालिकाले भविष्यमा नदी नियन्त्रणका लागी आवश्यक पर्ने सवै काम गराईदिने र हाल सोही स्थानमा जग्गा उपलब्ध गराई निर्माण कार्य सुरु गर्न भनेकाले काम सुरु गरेको बताए ।

स्थानियले सरकारी रकमको दुरुपयोग हुन नदिन र तत्काल सो काम रोक्न अदालत सम्म पुगेको जानकारी दिएका छन् । यस विषयमा सप्तरी जिल्ला अदालतमा वडा कार्यालय, उपभोक्ता समिति र कंचनरुप नगरपालिकालाई समेत विपक्षी बनाई स्थानियबासीको तर्फबाट भुषण प्रसाद गुप्ताद्वारा निषेधाज्ञा मुद्दा पनी दायर गरिएको छ ।

दायर मुदामा हाल निर्माण भई रहेको उक्त कि.नं. २ को ०-५-१२० को जग्गा सार्वजनिक सडकको बाटोको जग्गा तथा कि.नं. १५ को १-१५-१९ को जग्गा खोलाको जग्गा रहेको मालपोत कार्यालय र नापी कार्यालयबाट समेत प्रमाणित भईसकेको अवस्थामा गैर कानूनी ढंगले भईरहेको निर्माण कार्य रोक्न अन्तरिम आदेश जारी गरी पाउँ भनी माग गरिएको छ ।

सो मुद्दा उपर सुनुवाई गर्दे न्यायाधिश उमेश कोईरालाको एकल ईजलासले १५ दिन भित्र उक्त जग्गामा भवन निर्माण कार्य सुरु गरिएको विषयमा विपक्षीलाई लिखित जवाफ पेश गर्न आदेश दिएको छ ।

विकास निर्माणका काममा छिटो, छरितो र गुणस्तरिय काम होस् भन्ने उद्देश्यले उपभोक्ता समितिको गठन हुन्छ । तर, यहाँ दुवै काम गैर कानूनी ढंगले भईरहेको भन्दै स्थानियले यस प्रकरणको गहिरो छानविन हुनुपर्ने माग गरेका छन् ।

# मोटरसाइकल दुर्घटनमा अस्पतालका पालेको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**


पुर्वपश्चिम राजमार्ग अर्न्तगत सप्तरीको पोर्ताहामा शुक्रबार साँझ ट्याक्टरमा मोटरसाइकल ठोकिदा मोटरसाइकल चालक भारदह अस्पतालका पालेको मृत्यु भएको छ ।

मृत्यु हुनेमा मोटरसाइकल चालक सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १ पोर्ताहा निवासी भारदह अस्पतालमा पाले पदमा कार्यरत २० बर्षिय बिनोद खिडहरी यादव रहेको इलाका प्रहरी कार्यालय कंचनपुरले जनाएको छ ।

त्यस्तै मोटरसाइकलको पछाडि सवार सोही ठाउका शैलेन्द्र यादव घाइते भएका छन् । उनको भारदहस्थित अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।


पश्चिमबाट पुर्व तर्फ जादै गरेको स.१त. ६४४४ नम्बरको ट्याक्टरले बिपरित दिसाबाट आउदै गरेको ना ११ प १७०४ नम्बरको मोटरसाइकललाई ठोकिदा मोटरसाइकलमा सवार यादवको मृत्यु भएको प्रहरीले जनाएको छ ।

**बुध्द एयरको दैनिक उडान अब राजविराजबाट पनि यही माघ १८, फेब्रअरी १ देखि**




बुध्द एयरको वेवसाईट buddhaair.com तथा मोबाईल एपबाट उडानको समय, तालिका, भाडादर हेर्न र सजिलैसँग टिकट खरिद गर्न सकिन्छ ।

थप जानकारीका लागि
गजेन्द्र नारायण सिंह अस्पतालको दक्षिण गेट अगाडी, राजविराज
फोन नं. : 031-522408/09




**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

## सम्पादकीय ....

# पहिला अभिभावक आफू स्वयम सचेत हुनुपर्छ

अहिलेको युगमा जनता आफै सचेत हुनुपर्छ। समाजमा हुने कुनै पनि घटनाप्रति जनता आफै सचेत हुनु पर्ने पनि उत्तिकै आवश्यक छ। विभिन्न प्रकारको हुने हिंसालाई न्युनिकरणका लागि समाजका हरेक व्यक्तिले अभिभावकको जिम्मेवारी बहन गर्नुपर्छ। हुनत सरकारले हिंसा न्युनिकरणका लागि ऐन कानुन बनाएर रोक्न प्रयास गरे पनि सोचे जस्तोको सफलता हासिल गर्न सकेको छैन्। यसका लागि प्रहरी प्रशासनसँगै हरेक व्यक्तिले जिम्मेवारी बहन गर्न सकेमात्र सफलता हासिल हुने कुरामा दुइमत नहोला।

समाजमा अहिले सबै भन्दा बढी लागु औषध र मदिराका कारण विभिन्न हिंसा हुने गरेको पाइन्छ। यसलाई न्युनिकरणका लागि प्रहरी प्रशासनसँगै समाजका हरेक व्यक्ति सचेत भएर लाग्नु पर्ने आवश्यकता रहेको छ। कलिला उमेरका बालबालिकाहरु अहिले लागु औषधतर्फ बढी आकर्षित हुने गरेकोले यसका लागि अभिभावक आफै सेचत हुनुपर्दछ। प्रहरीको एकल प्रयासले यस्ता दुर्व्यसनीबाट बालबालिकालाई टाढा राख्न सकिन्। यसका लागि अभिभावकले आफ्ना बालबच्चालाई यस्ता दुर्व्यसनीबाट हटाउन सक्रिय रुपमा लाग्नुपर्दछ।

सम्पूर्ण अभिभावकहरुले सन्तान वैयश्क भएपछि आफ्नो ब्यस्त दैनिकी जिवनबाट केही समय निकालेर उनीहरुको दैनिकी गतिविधीलाई ध्यान दिन सक्नुपर्दछ। तसर्थ सन्तानलाई कुलतको बाटोमा जानबाट रोक्न सचेत अभिभावकको भूमिका निर्वाह गर्नु पर्ने आजको अवाश्यकता रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# काँग्रेसले क्रियाशील सदस्यता आठ लाख पुऱ्याउँदै

काठमाडौँ, १६ फागुन (रासस)। नेपाली काँग्रेसले पार्टीको १४ औँ महाधिवेशनको तयारीका लागि शुक्रबारदेखि नयाँ क्रियाशील सदस्यता वितरण र नवीकरण गर्न शुरु गरेको छ। पार्टीको विधानले तोकेको कार्यविधिबमोजिम प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले नयाँ क्रियाशील सदस्यता वितरण र जिल्ला कार्यसमितिले क्रियाशील सदस्यता नवीकरण गर्न शुरु गरेको पार्टीले जनाएको छ।

सङ्गठनमा महत्वपूर्ण मानिने काँग्रेसका क्रियाशील सदस्य सङ्ख्या हाल स्वदेश र विदेश (काँग्रेसका जनसम्पर्क समिति) गरी करिब पाँच लाख रहेको पार्टी प्रवक्ता विश्वप्रकाश शर्माले राससलाई जानकारी दिनुभयो। केन्द्रीय कार्यसमितिको गत माघ २९ गतेको बैठकले विद्यमान क्रियाशील सदस्य सङ्ख्याको बढीमा ५० प्रतिशत नयाँ क्रियाशील सदस्यता प्रदान गर्ने निर्णय गरेको थियो।

यसैगरी काँग्रेसमा समायोजना भएका नेपाल लोकतान्त्रिक फोरम, अखण्ड नेपाल, नेपाल समता पार्टीलगायत दल र पार्टीको जागरण अभियानका क्रममा देशभर विभिन्न राजनीतिक दलबाट काँग्रेसमा प्रवेश गरेका करिब एक लाख नेता कार्यकर्तालाई पनि छानबिन गरी क्रियाशील सदस्यता प्रदान गरिने उहाँले बताउनुभयो। यो सबै जोड्दा क्रियाशील सदस्यता आठ लाख बढी हुनेछ। लोकतान्त्रिक फोरमले मात्र करिब २५ हजार नयाँ क्रियाशील सदस्यता माग गरेको छ।

**अन्तरिम संरचना समायोजन अन्तिम चरणमा**

काँग्रेस केन्द्रीय समितिको यस अघिको बैठकले मुलुकको नयाँ संघीय संरचनाअनुसार पार्टीको अन्तरिम संरचना समायोजनको कार्य यही फागुन १५ गतेसम्म गरिसक्ने निर्णय गरेको थियो। अन्तिमसम्म करिब ३५ जिल्लाले पूर्ण र बाँकी जिल्लाले ९० प्रतिशत समायोजनको कार्य सम्पन्न गरेका छन्।

समायोजनको काम नसकी क्रियाशीय सदस्यता वितरण गर्न नपाइने भएकाले स्थानीयस्तरमा समायोजन सम्पन्न गर्न जिल्ला कार्यसमितिलाई दबाब बढ्ने पार्टी कार्यालयको आँकलन छ। अबको दुई/चार दिनमा समायोजन सकिने पार्टी कार्यालयका मुख्य सचिव कृष्णप्रसाद पौडेलले जानकारी दिनुभयो। नयाँ क्रियाशील सदस्यता वितरण र नवीकरणका लागि पार्टी कार्यालयले बिहीबारदेखि फारम वितरण शुरु गरिसकेको छ। केही जिल्ला सभापतिले आवश्यक कागजात लगिसकेको उहाँले बताउनुभयो।

काँग्रेसले नयाँ क्रियाशील सदस्यता वितरण र नवीकरण शुक्रबार (फागुन १६ गते) देखि शुरु गरी आगामी चैतसम्म सम्पन्न गर्नुपर्ने कार्यतालिका सार्वजनिक गरिसकेको छ। काँग्रेसले क्रियाशील सदस्यता वितरण र नवीकरण गर्न तथा पार्टीका विभिन्न तहका साङ्गठनिक संरचनाको अधिवेशन र केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने प्रयोजनका लागि मात्र विधानका केही दफा निलम्बनसमेत गरेको छ।

**क्रियाशीय सदस्यतासम्बन्धी केही प्रावधान निलम्बन**

पार्टी विधानको दफा ४ मा काँग्रेसमा सदस्य र क्रियाशील सदस्य रहने व्यवस्था गरिएको छ। काँग्रेसको सदस्यता प्राप्त गरेको सदस्यले एक वर्ष पुगेपछि मात्र क्रियाशील सदस्यता प्राप्त हुने विधानको व्यवस्था छ। केन्द्रीय समिति बैठकले १४ औँ महाधिवेशनका लागि 'साधारण सदस्यता लिएको एक वर्ष पुगेपछि' मात्र क्रियाशील सदस्यता प्राप्त हुने प्रावधानलाई निलम्बन गरेको छ। काँग्रेसको नयाँ क्रियाशील सदस्यता वितरण गर्दा वडाको जनसङ्ख्याको बनोटलाई मध्यनजर गरी समानुपातिक समावेशितालाई ध्यानमा राखी वितरण गर्ने जनाएको छ।

प्रतिनिधिसभा क्षेत्रीय कार्यसमितिले वितरण गरेको नयाँ क्रियाशील सदस्यता र जिल्ला कार्यसमितिले नविकरण गरेको क्रियाशील सदस्यताको सूची प्रकाशन, केन्द्रमा पठाउने, छानबिन गरी केन्द्रीय कार्यालयले केन्द्रीय सभापतिबाट प्रमाणित क्रियाशील सदस्यताको नामावलीको अन्तिम सूची २०७७ साल साउनसम्म केन्द्रीय निर्वाचन समितिलाई बुझाउनुपर्ने अवधि निर्धारण गरिएको छ।

**१४ औँ महाधिवेशनको तयारी**

काँग्रेस केन्द्रीय कार्यसमितिको गत माघ १३ गते बसेको बैठकले गाउँ/नगर वडा अधिवेशन- २०७७ साल कात्तिक १६ गते, गाउँ/नगरपालिका अधिवेशन कात्तिक १८ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन कात्तिक २१ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एक मात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन कात्तिक २३ गते गर्ने निर्णय गरेको थियो। यसैगरी एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन कात्तिक २५ गते, प्रदेश अधिवेशन मङ्सिर २९ गते र केन्द्रीय महाधिवेशन २०७७ साल फागुन ७ देखि १० गतेसम्म काठमाडौँमा गर्ने निर्णय गरेको छ।

काँग्रेसको १३औं महाधिवेशन विसं २०७२ फागुन २० देखि २३ गतेसम्म काठमाडौँमा भएको थियो। पार्टी विधानको दफा ४३ मा पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि चार वर्षको हुने उल्लेख छ। साथै सोही दफामा असाधारण स्थिति भएमा केन्द्रीय कार्यसमितिले सोको कारण खोली बढीमा एक वर्षसम्मको अवधि बढाउन सक्ने व्यवस्था छ। विधानको सोही प्रावधानमा टेकेर काँग्रेसले पार्टीका सबै तहका पदाधिकारी तथा सदस्यको पदावधि यही फागुन २० गतेदेखि लागू हुने गरी २०७७ साल फागुन १९ गतेसम्म एक वर्षका लागि थप गर्ने निर्णय गरिसकेको छ।

# शैक्षिक कानूनमा बालअधिकार अनिवार्य समावेश गर्न सुझाव

काठमाडौँ, १६ फागुन (रासस)। बालबालिकाको गुणस्तरीय सिकाइका लागि उनीहरुको सुरक्षा पहिलो शर्त भएकाले शिक्षाका कानून तर्जुमा गर्दा बालअधिकार संरक्षणका सवाल अनिवार्यरुपमा समावेश गर्न सुझाव दिइएको छ।

राष्ट्रिय बाल संरक्षण सञ्जाल (एनसिपिए)द्वारा शुक्रबार आयोजित 'शिक्षा ऐन र बाल संरक्षण' विषयक परामर्शमा जनप्रतिनिधि, सरकारी अधिकारी र अधिकारकर्मीले विद्यालय र घरपरिवारमा समेत विभेद र हिंसा जारी रहेकाले त्यस्ता उलङ्घनकर्तालाई कानूनी कारवाही गराउन माग गरेका हुन्। बालविवाह अझै अन्त्य हुन सकेको छैन भने सडक बालबालिकाको समस्या कायमै छ।

नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का सांसद् बीना श्रेष्ठले शिक्षा र बालअधिकारको सही कार्यान्वयनविना समृद्ध नेपाल निर्माण सम्भव नहुने भएकाले सोका लागि संसदमा भूमिका खेलिने बताउनुभयो।

नेपाली काँग्रेसका प्रतिनिधिसभा सदस्य लक्ष्मी परियारले शिक्षा र बालअधिकारका क्षेत्रमा नीतिनियम बनाउन उदार भए पनि कार्यान्वयनमा कमजोर स्थिति रहेको बताउँदै विद्यालय बालबालिका असुरक्षितरुपमा पढ्न विवश भएको बताउनुभयो। बालिकालाई विद्यालयमा सेनेटरी प्याड उपलब्ध हुन थाले पनि फेर्नका लागि अलग्गै कोठा अभाव भएको जनाउँदै उहाँले पाठक्रममै बालअधिकारका सवाल समावेश गर्न माग गर्नुभयो।

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक डा तुलसीप्रसाद थपलियाले बालबालिको गुणस्तरीय शिक्षाका लागि सुरक्षित वातावरण पहिलो शर्त भएकाले त्यसको प्रबन्धका लागि सबै तहका सरकार र सरोकार भएका पक्ष लाग्नुपर्ने बताउनुभयो।

मानवाधिकारकर्मी गौरी प्रधानले भावी शिक्षा ऐनका लागि सरोकार भएका पक्षको सुझावका आधारमा बालअधिकारका विषयलाई सहीरुपमा सम्बोधन भए बालबालिका सुखी हुने र त्यसले समृद्ध नेपालको आधार खडा गर्ने बताउनुभयो।

बाल अधिकारकर्मी तारक धितालले शिक्षा र बालअधिकारसँग सम्बन्धित नीतिनियम र निर्देशिकाबीचको समानता कायम गरी अधिकारको सही कार्यान्वयका लागि स्थानीय तहलाई क्रियाशील बनाउन सुझाव दिनुभयो।

बालबालिका शान्ति क्षेत्र राष्ट्रिय सञ्जाल (सिजप) का अध्यक्ष नरेन्द्र डङ्गोलले विद्यालय शान्ति क्षेत्र विभिन्न राजनीतिक दल र तिनका भ्रातृ सङ्गठनले विद्यालयमा राजनीतिक हस्तक्षेप र बन्द, हड्ताल नगरी बालअधिकारको निर्वाध प्रयोगका लागि भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो। एनसिपिएका अध्यक्ष रितु भट्टले बालअधिकारको व्यवहारिक कार्यान्वयनका लागि सम्बन्धित संस्थाको सहकार्यमा कार्यक्रम अघि बढाइने जनाउनुभयो।

# नेपालको नयाँ नक्शा छिट्टै सार्वजनिक गरिने

काठमाडौँ, १६ फागुन (रासस)। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री पद्माकुमारी अर्यालले छिट्टै नेपालको नयाँ नक्सा सार्वजनिक गरिने बताउनुभएको छ।

मन्त्री अर्यालको कार्यकालमा हासिल भएको उपलब्धिको जानकारी दिनका लागि शुक्रबार यहाँ आयोजना गरिएको पत्रकार सम्मेलनमा उहाँले नयाँ नक्साबारे सुझाव दिन प्राविधिक समितिले सुझाव पेश गरेको बताउनुभयो। नापी विभागको पनि प्राविधिक टोली उक्त कार्यमा क्रियाशील रहेकाले काम अन्तिम चरणमा पुगेको उहाँले जानकारी दिनुभयो।

अव्यवस्थित बसोबासको समस्या समाधान र सुकुम्बासीको समस्या समाधानका लागि आयोग निर्माण कार्य अन्तिम चरणमा पुगेको उहाँले जानकारी गराउनुभयो। कानून निर्माणपछि कार्यान्वयन गर्न कानूनको मातहतमा गएर नियमावली बनाउने र गठन आदेश निर्माण गरेर आयोग बनाउने काम अगाडि बढेको मन्त्री अर्यालले बताउनुभयो। "अर्थ मन्त्रालयमा गठन आदेश पुगेको छ, सबै प्रक्रिया पूरा गरेपछि आयोग गठन हुन्छ", उहाँले भन्नुभयो, "आयोग गठनको अन्तिम चरणमा छ, यो आयोग कानूनबाट निर्मित आयोग हो र यो शक्तिशाली हुन्छ।"

# सङ्घीयता कार्यान्वयमा कानूनी अन्योल कायमै

काठमाडौं, १६ फागुन (रासस)।

मुलुकमा सङ्घीयतासहितको संविधान जारी भएपछि धेरै कानून बने पनि सङ्घको कानूनअनुसार प्रदेश र प्रदेशका कानूनअनुसार स्थानीय तहका कानून निर्माणको अन्योल अझै कायमै छ।

सरकारले २०७५ साललाई 'कानून निर्माण वर्ष' घोषणा गरेर संविधान अनुकूलका ३३८ कानून बनायो। नेपालमा संविधानसहित ३३९ वटा कानून प्रचलनमा छन्। सङ्घको कानूनअनुसार प्रदेश र स्थानीय तहको कानून बनाउनुपर्ने विषय भने अझै टुङ्गो लागेको छैन।

संविधानअनुसार सङ्घले बनाएको कानूनअनुसार नबाझिने गरी प्रदेशले कानून बनाउनुपर्ने र प्रदेशले बनाएको कानूनअनुसार स्थानीय सरकारले बनाउनुपर्ने व्यवस्था छ। ।१ सरकार सञ्चालनको दुई वर्ष पूरा भएका अवसरमा गत हप्ता प्रधानमन्त्री केपी शर्मा ओलीले भन्नुभयो, "गत वर्षलाई कानून निर्माणका लागि महत्वपूर्ण आधार वर्षका रुपमा लिइएका थियो, सङ्घीयताअनुरुपका कानून बनाएर काम शुरु हुनु महत्वपूर्ण हो।" गत वर्ष २५ वटा नयाँ कानून बनेका थिए। प्रमाणीकरण हुन बाँकी पाँच वटासहित यस अवधिमा ५५ वटा नयाँ कानून निर्माण भएका छन्। संविधान अनुकूल बनाउन विद्यमान ऐनमध्ये २०१ वटा ऐन संशोधन गरिएको छ।

नेपालको संविधानसँग कानून बाझिए बाझिएको हदसम्म स्वतः बदर हुने संवैधानिक व्यवस्था छ। नेपालले एकात्मक प्रणालीबाट कानूनी अभ्यास गर्दै आएको थियो। मुलुक सङ्घीयतामा जानुअघि विकास क्षेत्र थियो, अब सङ्घ, प्रदेश र स्थानीय तह छन्। बदलिएको परिवेशअनुरुप सङ्घीयतालाई कार्यान्वयन गर्न संविधान अनुकूल कानून बनाउन जरुरी थियो।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका प्रवक्ता धनराज ज्ञवालीले नेपालमा संसारमै नभएको नयाँ मोडलको सङ्घीयता भएको हुनाले सिक्ने चरणमै रहेको बताउनुभयो। "तीन तहको सङ्घीयताअनुसार सङ्घ, प्रदेश र स्थानीय तहअनुसार कानून बनाउनुपर्नेछ, प्रवक्ता ज्ञवालीले भन्नुभयो, "नेपालको जस्तो तीन तहको सङ्घीयताको अनुभव अरु देशमा छैन, सिक्ने अवसर पनि हामीलाई छैन, नेपालको सङ्घीयताबाट सिक्दै कानून बनाउँदै गर्नुपर्ने अवस्था छ।" उहाँले सरकारलाई काम गर्नका लागि कानूनीरुपमा समस्या नभए पनि स्वास्थ्य, शिक्षा, प्रशासनजस्ता कुरामा कानूनमा निर्माण अन्योल रहेको उहाँको भनाइ थियो।

**मौलिक हक कार्यान्वयनमा आउन सकेन**

नेपालको संविधान जारी भएपछि निर्माण भएको दुई तिहाइ बहुमतसहितको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सरकारले नागरिकका मौलिक हक कार्यान्वयन गर्नेमा नागरिक आशावादी थिए तर सोअनुरुप मौलिक हक कार्यान्वयनमै आउन कठिनाइ देखिएको छ।

नेपालको संविधानले ३१ वटा मौलिक हकको व्यवस्था गरेको छ। संविधानमा तीन वर्षभित्र कानून बनाएर लागू गर्ने व्यवस्थाअनुसार गत वर्ष सबै कानून बने पनि कार्यान्वयनमा आउन सकेको छैन। गत वर्ष मौलिक हकका १७ वटा मौलिक हकका नयाँ कानून बने तर कार्यान्वयनमा अझै आएको छैन।

कानून मन्त्रालयका प्रवक्ता ज्ञवालीका अनुसार संविधानले व्यवस्था गरेका मौलिक हकका कानून बने पनि कानूनअनुसार कार्यान्वयनका लागि आवश्यक नियम र नियमावली बन्न सकेको छैन। कानूनमा तोकिएबमोजिम भन्ने शब्द राखिएका छन्। जसले गर्दा कार्यान्वयनमा गएजस्तो देखे पनि लागू हुन सकेको छैन।

"मौलिक हक संविधानमा लेखिदा साथ कार्यान्वयन हुनुपर्ने हो", राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष अनुपराज शर्माले भन्नुभयो, "संविधानमा तीन वर्षभित्र कानून बनाएर लागू हुन्छ भन्ने व्यवस्था गरियो, कानून बन्यो तर कानूनमा 'तोकिएबमोजिम हुनेछ' भन्ने शब्द छन्, नियम नबन्दा कार्यान्वयमै आउन सकेन।"

**सङ्क्रमणकालीन कानून अझै संशोधन भएन**

नेपालको संविधान जारी भएपछि दुई तिहाइको सरकारले नेपालको दशवर्षे सशस्त्र द्वन्द्वका समयमा भएका घटनाको सत्यतथ्य पत्ता लगाउन सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग ऐन, २०७१ अझै संशोधन भएको छैन।

दुई वर्षमा कामसक्ने भनेर नियुक्त गरेका पदाधिकारीले चार वर्षसम्म पनि काम पूरा गर्न नसकेको सर्वत्र विरोधपछि गत चैत मसान्तबाट पुराना पदाधिकारीको म्याद सकिएर हाल नयाँ पदाधिकारी नियुक्त भएका छन्। एक वर्षका लागि सरकारले ती पदाधिकारीलाई पठाएको छ। तर अहिले पनि ऐन संशोधन भएको छैन।

गम्भीर प्रकृतिका अपराधमा संलग्न व्यक्तिलाई पनि माफी दिनेजस्तो कानून संशोधन गर्नुपर्ने माग पीडितले राख्दै आएका छन्। सर्वोच्च अदालतले अन्तर्राष्ट्रिय सन्धि/सम्झौतापीडितको रायअनुसार कानून संशोधन गर्नुपर्ने फैसला गरेको थियो। ऐन संशोधन नगरिकन आएका पदाधिकारीबाट न्यायको आशा नभएको पीडितको भनाइ छ। "पदाधिकारी नियुक्ति र ऐन संशोधन सँगसँगै हुनुपर्छ भन्ने पीडितको माग थियो", द्वन्द्वपीडित साझा चौतारीका अध्यक्ष भागीराम चौधरीले भन्नुभयो, "न्यायका नाममा पीडितको आँखामा छारो हाल्ने काम मात्र भइरहेको छ, पीडितले न्याय पाउँछन् भन्ने विश्वास गर्ने आधार अहिले पनि छैन।"

नेपालको १० वर्षे सशस्त्र द्वन्द्वका समयमा भएका घटनाको सत्यतथ्य पत्ता लगाउन सत्यनिरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग २०७१ माघ २७ गते गठन गरेको थियो।

**विवादमा विधेयक**

नयाँ संविधान जारी भएपछि गठन भएको सरकारले ल्याएका विधेयक विवादमा परे। राष्ट्रियसभामा दर्ता भएको गुठी विधेयकमाथि आलोचना भएपछि सरकारले विधेयक नै फिर्ता लिनुपऱ्यो।

सरकारले कर्मचारीबाट विधेयक बनाएर सरोकारवाला पक्षसँग छलफल नै नगरी संसद्मा लाने गरेको र सांसदहरुको ध्यान कानून नभएकाले विधेयक विवादित भएको आम जनमानसमा सर्वत्र आलोचना भयो। प्रेस काउन्सिल विधेयक, मिडिया काउन्सिल विधेयक पनि विवादमुक्त हुन सकेन।

"विधेयक सदनमा लैजानुभन्दा अगाडि सम्बन्धित मन्त्रालयले सरोकारवाला पक्षसँग राम्ररी छलफल गर्नुपर्छ", कानूनविद् तथा सांसद राधेश्याम अधिकारीले भन्नुभयो, "विधेयक बनाउने विषयवस्तुको गम्भीरतालाई नबुझिकन बनाएका विधेयक विवादमा आए।" उहाँका अनुसार संविधानको मर्मअनुसार कानून बनाउनुपर्छ भन्ने नबुझ्नु समस्या हो। संविधानको मूल भावनालाई ध्यानमा राखेर कानून बनाउनुपर्छ। आफू सत्तामा भएका बेलामा अधिकारमा बस्नेले अङ्कुश लगाउने आफूलाई अनुकूलका कानून बनाउने प्रयास भइरहेको छ। जुन राम्रो अभ्यास होइन।

"पहिलापहिला सरकारले नियम निलम्बन गरेर हतारमा ल्याउँथ्यो तर अहिले समितिमा वृहत् छलफल हुन्छ", कानूनविद् तथा सांसद रामनारायण बिडारीले भन्नुभयो, "विवादमा परेका विधेयक समितिमा ल्याएर छलफल पछि पास भएका छन्।"


उहाँका अनुसार समितिमा तीन महिना लगाएर छलफल गर्दा अनावश्यक टीकाटिप्पणी भयो भनेर आरोप पनि लाग्ने गरेको छ। प्रत्येक विधेयकमा पछिल्लो समयमा दफावाररुपमा छलफल हुने गरेको छ।

"मिडिया काउन्सिल विधेयक पनि वृहत् छलफल भएरै पास भएको हो", उहाँले थप्नुभयो, "गुठी विधेयक सिधै सरकारले संसद्मा लग्यो, विवाद भयो तर समितिलाई दिएको भए त्यो कुरा पनि मिल्ने थियो, सरोकारवाला सबैलाई बोलाएर छलफल गरिने थियो।"

कानूनविद् बिडारी कानून बनाउने क्रममा सांसदलाई चासो पनि कम भएको कुरालाई स्वीकार्नु हुन्छ। "कानून निर्माणमा चासो नहुनु भनेको कानूनको ज्ञान नहुनु नै हो", सांसद बिडारीले भन्नुभयो, "विकास निर्माण, बाटो, कुलो, अरुअरु काममा सांसदको बढी ध्यान हुन्छ तर कानून बनाउने काममा फुर्सद भए मात्रै आउने गरेको पनि देखिन्छ।" कानूनको ज्ञान नभएका सांसदहरुलाई संसद् सचिवालयले विज्ञ, तालीम, प्रशिक्षणको व्यवस्था मिलाउनुपर्ने भए पनि बजेटलगायतका कारण त्यतातिर कसैको ध्यान जान नसकेको उहाँको बुझाइ छ।

कानून बनाउने प्रयोजनका लागि देशमा रहेको नेपाल कानून आयोगका अध्यक्ष माधव पौडेलका अनुसार सामान्य प्रकृतिका प्रशासनिक कानून आयोग आफैंले बनाउने गर्छ। प्रमाण ऐन, गोपनियतासम्बन्धी ऐनलगायत धेरै ऐन आयोग नै विधेयकको मस्यौदा गरेको हो। आयोगले अहिले विभूषणसम्बन्धी ऐनको विधेयक र कानूनको व्याख्यासम्बन्धी संशोधन ऐन गर्न बनेको विधेयक अन्तिम चरणमा पुगेको छ। "एउटा कानूनको विधेयक बनाउन कम्तीमा दुईदेखि तीन महिना लाग्छ", आयोगका अध्यक्ष पौडेलले भन्नुभयो, "विज्ञ टोली नै गठन गरेर सरोकारवालासँग छलफल गरेर मात्र विधेयकलाई अन्तिम रुप दिने गर्दछौं, आयोगले बनाएको कानूनमा कुनै पनि विवाद आएको छैन।"

सङ्घीय नेपालको कानून बनाउने र कार्यान्वयन गर्ने विषयमा जटिलता धेरै छन्। सङ्घीयताको अभ्यास नै नयाँ खालको भएको हुँदा सङ्घीयता कार्यान्वयनमा कानूनी अन्योल कायमै छ।



## विश्व समाचार

### दक्षिण कोरियामा २ हजार ३ सय ३७ जना कोरोना भाईरस सङ्क्रमित

सोल, १६ फागुन (रासस/सिन्ह्वा)।

दक्षिण कोरियामा थप ५७१ जना कोरोना भाइरस सङ्क्रमित भएपछि सङ्क्रमित व्यक्तिको सङ्ख्या दुई हजार ३३७ पुगेको छ। दक्षिण कोरियामा यस भाइरसको कारण ज्यान गुमाउनेको सङ्ख्या १३ पुगेको समाचारमा जनाइएको छ। दक्षिण कोरियाको कोरोना भाइरसको नियन्त्रण तथा व्यवस्थापन केन्द्रको स्थानीय समयानुसार बिहानको १० र अपराह्न ५ बजे दुई पटक यस रोगको सङ्क्रमित र मृतकको सङ्ख्यालाई अपडेट गराउँदै आएको छ। विश्वभरीमा कोरोनाबाट सङ्क्रमित भएका व्यक्तिको सङ्ख्या करिब ८३ हजार पुगिसकेको छ, र यसबाट चीन सबैभन्दा बढी प्रभावित भएको छ। गत वर्षको अन्त्यमा चीनको हुबेई प्रान्तको उहान शहरबाट यस भाइरसको सङ्क्रमण शुरु भएको थियो।

### जापानका विद्यालयमा छुट्टी, कन्सर्ट र पार्कमा भेला हुन प्रतिबन्ध

टोकियो, १६ फागुन (रासस/एपी)।

प्राणघातक कोरोना सङ्क्रमणको जोखिमबाट सुरक्षित रहन जापानमा एक महिनाका लागि विद्यालय बन्द गरिएको छ। साथै बिटीएस कन्सर्ट समेतका सबै मनोरञ्जनात्मक कार्यक्रम बन्द गरिएको छ भने मानिस जमघट हुने ठूला कार्यक्रममा रोक लगाइएको छ। कोरोना सङ्क्रमण रोकिनुको साटो एसियादेखि युरोप हुँदै शुक्रबार अफ्रिकी उप-सहारा क्षेत्रमा कोरोना सङ्क्रमित व्यक्ति देखिएका छन्। जापानमा प्राथमिक, माध्यमिक र उच्च माध्यमिक विद्यालय बन्द हुँदा त्यसबाट झण्डै एक करोड ३० लाख बालबालिका घरमै बस्नु पर्नेछ। जापानमा आयोजना हुने गरी पूर्व तयारी गरिएका खेलकुद र सांगीतिक कार्यक्रम रद्द भइसकेका छन्। टोकियो डिज्नेल्यान्ड र टोकियो डिज्नेसी दुवै मार्चको मध्यसम्मका लागि बन्द गरिएको छ। गत डिसेम्बरबाट चीनको उहानहुँदै फैलिएको कोविड-१९ नामको नयाँ कोरोना जीवाणु (भाइरस) एसियाली मुलुकहरुका अलावा युरोप र अफ्रिकासम्म पुगेको छ। साउदी अरेबियाले मुस्लिम समुदायको पवित्र धार्मिक तीर्थस्थल मक्काको भ्रमणमा विदेशी नागरिकमाथि कडाई गरेको छ र मध्यपूर्वमा एक सयभन्दा बढी व्यक्तिमा कोरोनाको सङ्क्रमण देखिएको छ। इटालीमा कोरोनाको सङ्क्रमण बढेसँगै कतिपय गाउँ शहरमा निर्वाध आवागमनमा प्रतिबन्ध लगाइएको छ। अफ्रिकी मुलुक नाइजेरियासमेतमा शुक्रबार एक व्यक्तिमा कोरोनाको लक्षण देखिएको छ।कोरोनाबाट सङ्क्रमित भएका व्यक्तिको सङ्ख्या करिब ८३ हजार पुगिसकेको छ, र यसबाट चीन सबैभन्दा बढी प्रताडित छ। तर दक्षिण कोरियामा पनि कोरोना सङ्क्रमितको सङ्ख्या दुई हजार नाघिसकेको छ। अरु केही मुलुकमा पनि सङ्क्रमित व्यक्तिको सङ्ख्या बढ्नुका साथै मृत्यु हुने व्यक्तिहरुको सङ्ख्या निरन्तर बढेको छ। इरानमा २६ जनाको मृत्यु भएको छ भने २५० जनाभन्दा बढीमा कोरोना देखिएको छ। अमेरिकी रक ब्यान्ड ग्रीन डेले एसियाली मुलुकमा गर्ने सांगीतिक कार्यक्रम रद्द गरिसकेको भने जापानमा हुनलागेको अमेरिकी अर्केस्ट्रा कार्यक्रम पनि रद्द भएको छ। हङकङ र शाङ्घाईमा रहेका डिज्ने पार्क पनि बन्द गरिएका छन्। जापानी प्रधानमन्त्री शिन्जो आबेले मार्चको अन्त्यसम्म सबै विद्यालय बन्द गर्न आग्रह गर्नुभएको छ तर प्रधानमंाढटन्त्रीको आदेश अघि नै केही विद्यालय बन्द भइसकेका छन्।

### विद्यालय बन्दमा पनि बाहिर ननिस्किन बालबालिकालाई शिक्षामन्त्रीको आग्रह

टोक्यो, १६ फागुन (रासस/सिन्ह्वा)।

जापानका शिक्षामन्त्री कोइची हागिउदाले जापान सरकारले आगामी केही दिनमा देशैभरका विद्यालय बन्द गर्न लागेको जानकारी दिँदै त्यस समयमा घरभित्रै बस्न बालबालिकालाई आग्रह गर्नुभएको छ। कोरोना भाइरसको सङ्क्रमणको त्रासमा जापान सरकारले पनि आगामी मार्च २ देखि देशैभरका विद्यालय बन्द गर्न लागेको जनाएको छ। शिक्षामन्त्री कोइची हागिउदाले शुक्रबार सो जानकारी दिनुभएको हो। साथै उहाँले त्यस अवधिमा बालबालिकालाई घर बाहिर ननिस्कन भन्नुभएको हो। मार्च २ तारिखदेखि यहाँको सरकारले विद्यालय बन्दको कार्यक्रम राखेको छ। कोरोना भाइरसको सङ्क्रमणबाट बच्न जापान सरकारले यो नीति अख्तियार गर्न लागेको उहाँले बताउनुभयो। विद्यालयमा बालबालिकाका माध्यमबाट पनि प्राणघातक यस भाइरसको सङ्क्रमण बढ्न सक्ने अनुमान गरेर सरकारले यो नीति लिएको हो।

शिक्षामन्त्री हागिउदाले भन्नुभयो, विद्यालय बन्द गरिएपनि बालबालिका खेल्न या अरु कारणले बाहिर जाने अवस्था भयो भने उक्त सङ्क्रमणको प्रकोप फैलिने क्रम नरोकिन सक्छ, त्यसैले बालबालिकालाई घरमै राख्नका लागि सबैको सहयोगको आवश्यकता छ। यस कार्यका लागि बालबालिकाका आमाबुबाका साथै सबै मन्त्रालय र निकायको पनि सहयोग र समन्वय आवश्यक रहेको धारणा पनि उहाँले राख्नुभएको प्राप्त समाचारमा जनाइएको छ। कोरोना भाइरसको त्रास रहेको जापानमा पनि समूहगतरुपमा यसको सङ्क्रमण फैलिने काममा विद्यालय पनि पहिलो खतराको सूचिमा रहेको विज्ञले दिएको सुझावका आधारमा यो निर्णय लिइएको पनि उहाँले जानकारी दिनुभयो। जापान सरकारले यही मार्च २ तारिखदेखि प्राथमिकदेखि माध्यमिकसम्मका सबै विद्यालय बन्द गर्ने औपचारिक निर्णय गरिसकेको छ। जापान सरकारले विद्यालय बन्दको यो कार्यक्रम अकस्मात ल्याएको बताइएको छ। यस विषयको कुनै तयारी यसअघि नगरिएको शिक्षा अधिकारीले जनाएको छन्।

यसअघि कुनै छलफल नै नभएको यस विषयमा सरकारले बिहीबार अकस्मात निर्णय सुनाएको र त्यसको कुनै पनि तयारी नरहेको विद्यालय तहका शिक्षक र अभिभावकले जानकारी दिएका छन्। विद्यालय बन्दको यस कार्यक्रमको सार्वजनिक घोषणा जापानी प्रधानमन्त्री सिन्जो आबेले गर्नुभएको थियो। प्रधानमन्त्री आबेले बिहीबार शिक्षा क्षेत्रका अधिकारीको बैठक बोलाएर विद्यालय बन्द गर्न सार्वजनिक घोषणा गर्नुभएको थियो। सरकारको यही घोषणाको कार्यान्वयनका लागि आवश्यक सहयोगको याचना जापानी शिक्षामन्त्री हागिउदाले गर्नुभएको समाचारमा जनाइएको छ।

# मंसापुर र तोपा बिजयी



**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**

तिलाठी कोइलाडी गाउँपालिकामा संचालित स्व. गजेन्द्र नारायण सिंह स्मृति क्रिकेट प्रतियोगिता अन्तर्गत शुक्रबार सम्पन्न खेलमा मंसापुर र तोपा बिजयी भएका छन् ।

सप्तरी क्रिकेट संघ संघको सहकार्य तथा तिलाठी कोईलाडी गाउँपालिकाको आयोजनामा कट्टी माबिको मैदानमा संचालित क्रिकेट प्रतियोगितामा मंसापुरले तिलाठीलाई ४६ रनले तथा तोपाले लौनियालाई २ बिकेटले पराजित गरेको हो ।

शुक्रबार सम्पन्न पहिलो खेलमा तिलाठीले टस जिती मंसापुरलाई ब्याटिंग गर्ने निम्तो दिएपछि ब्याटिंगका लागि ओर्लेको मंसापुरले निर्धारित २० ओभरको खेलमा १५ ओभर २ बलमा सम्पूर्ण बिकेट गुमाई ८३ रनको योगफल तयार पारेका थिए । मंसापुरका लागि धिरज मण्डल १९ र सुबोध मण्डल ११ बाहेक कुनै खेलाडिले दोहोरो अंक छुन सकेका थिएन । बलिंग तर्फ तिलाठिका मिहिर मिश्रा र चन्दन साहले सामान ४ बिकेट लिएका थिए भने रोशन यादवले २ बिकेट लिएका थिए ।

८४ रनको झिनो लक्ष्य लिई मैदानमा ओर्लेको तिलाठी प्रतियोगिताकै न्युन स्कोर ३७ रनमै ११ ओभर ३ बलमा समेटिएको थियो । तिलाठीमा सस्तोमा समेटन मंसापुरका सुबोध मण्डल र धिरज मण्डलले सामान ४ बिकेट तथा महेश मण्डलले १ बिकेट लिएका थिए । तिलाठिका तर्फबाट कुनै ब्याट्सम्यानले दोहोरो अंक छुन सकेका थिएन । खेलको म्यान अफ द म्याच उत्कृष्ट प्रर्दशन गरे वापत मंसापुरका धिरज मण्डल घोषित भएका थिए ।

यस्तै शुक्रबारै सम्पन्न दोश्रो खेलमा लौनियाले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा ११ ओभर २ बलमा आफना सम्पुर्ण बिकेट गुमाई ६८ रनमा समेटिएको थियो । लौनिका लागि धिरेन्द्र मण्डल नटआउट रहि ११ बाहेक कसैले दोहोरो अंक छुन सकेका थिएन । लौनियालाई सस्तोमा समेटन तोपाका रमेश यादव र रशिन्द्र मण्डलले सामान ४ बिकेट लिएका थिए भने भरत दासले १ बिकेट लिएका थिए ।

६९ रनको झिनो लक्ष्य लिई मैदानमा ओर्लेको तोपाले उक्त लक्ष्य रोमान्चक तरिकाले १४ ओभर ५ बलमा ८ बिकेटको नोक्सानीमा प्राप्त गरेका थिए । तोपाका लागि अमन देवले १३ तथा सुभाष मण्डल र भोला मण्डलले समान १२ रनको योगदान दिएक थिए । बलिंग तर्फ लौनियाका लागि शिवराम मण्डल, सुरेश मण्डल र शिवशुन्दर मण्डलले सामान २ बिकेट प्राप्त गरेका थिए भने दिनेश मण्डलले १ बिकेट प्राप्त गरेका थिए । खेलको म्यान अफ द म्याच तोपाका रमेश यादव घोषित भएका थिए । प्रतियोगिता अर्न्तगत शनिबारको खेल कोईलाडी र को. मधेपुरा बिच हुने जनाइएको छ ।

# बाबा गणिनाथको मन्दिर निर्माण



**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**

एक धार्मिक कार्यक्रमको आयोजना गरी श्री गणिनाथ गोविन्द मन्दिरमा बाबा गणिनाथको मुर्ती शुक्रबार स्थापना गरिएको छ ।

हलुवाई लगायत २२ समुदायका कुल देवताको रुपमा रहेको बाबा गणिनाथको मुर्ती स्थानियको सहयोगमा करिब ४० लाख रुपैयाको लागतमा राजविराज ६ थानगाछीमा निर्माण गरिएको हो ।

२ लाख ५० हजारको लागतमा खरिद गरि ल्याईएको बाबा गणिनाथको आकर्षक मुर्ती स्थापना सँगै पुजापाठ सुरु भएको छ ।

मुर्ती स्थापना अघि श्री गणिनाथ बाबा गोविन्द सेवा समिति सप्तरीको अगुवाईमा शोभा र कलश यात्रा समेत निकालिएको थियो ।

समितिका अध्यक्ष रेशमलाल साह प्रचार प्रसार संयोजक लक्ष्मण साह मन्दिर व्यवस्थापन समितिका उपेन्द्र साह, शत्रुधन साह, महेश प्रसाद साह लगायतको अगुवाईमा निस्केको शोभा तथा कलश यात्रामा सयौ महिला/पुरुष सहभागी थिए ।

शोभा तथा कलश यात्रा नगर क्षेत्र परिक्रमा पश्चात नव निर्मित मन्दिर पुगेको थियो । त्यहाँ मुर्ती स्थापना सँगै पुजापाठ र भजन कृतन लगायतका धार्मिक कार्यक्रम सुरु भएको छ ।

# दुई लाख ४० हजार 'स्मार्ट' चालक अनुमतिपत्र छापियो

काठमाडौँ, १६ फागुन (रासस) ।

ठूलो क्षमताको छपाइ उपकरण (मास प्रिन्टर) सञ्चालनमा आएसँगै दुई लाख ४० हजार भन्दा बढी 'स्मार्ट' चालक अनुमतिपत्र छापिएको छ । झण्डै आठ लाख छाप्नुपर्नेमध्ये अहिलेसम्म उक्त चालक अनुमतिपत्र छापिइसकेको यातायात व्यवस्था विभागले जनाएको छ ।

झण्डै पाँच लाख ५० हजार अनुमतिपत्र छाप्न बाँकी छ । विभागले तीन चरणमा उपकरण सञ्चालन गरेर बाँकी अनुमतिपत्र छापिरहेको महानिर्देशक गोगनबहादुर हमालले बताउनुभयो ।

आगामी असारसम्ममा बाँकी अनुमतिपत्र छापिसक्ने विभागको लक्ष्य छ । महिनामा एक लाख ५० हजारभन्दा बढी अनुमतिपत्र छपाइ भइरहेको छ । उहाँले भन्नुभयो, "यही गतिमा काम अघि बढ्दा आगामी असारसम्ममा सकिन्छ ।"

विभागका पुराना उपकरणको क्षमता प्रतिघण्टा ४० वटासम्म छ । नयाँ उपकरणले चारदेखि पाँच अनुमतिपत्र एक घण्टामा छाप्न सक्छ । पहिले सात वटा उपकरण ल्याएर विभागले 'स्मार्ट' चालक अनुमतिपत्र शुरु गरेको थियो । तीमध्ये तीन वटाले काम गर्छन् । पुराना तीन उपकरण र 'मास प्रिन्टर' दुवैको प्रयोग गरी बाँकी अनुमतिपत्र छाप्न लागिएको विभागले जनाएको छ ।

विभागले गत वर्ष ग्लोबल खरिद प्रक्रियामार्फत मदरास प्रिन्टर प्रालिमार्फत प्रिन्टर किनेको हो । विभागले छपाइ गर्नसक्ने क्षमताभन्दा माग धेरैगुणा बढी हुँदा एक वर्ष सेवाग्राहीले अनुमतिपत्र पाएका थिएनन् । कतिपय कार्ड छापिएको लामो समयसम्म सेवाग्राही लिन नआउँदा व्यवस्थापनमा कठिन भएको यातायात व्यवस्था कार्यालयले जनाएको छ । अनुमतिपत्र परीक्षा लिने र वितरणको काम प्रदेश कार्यालयबाटै सञ्चालन भइरहे पनि छाप्ने काम विभागले गर्दै आएको छ ।

# रेल्वे कम्पनीका लागि २ सय २६ कर्मचारी थपिने

काठमाडौँ, १६ फागुन (रासस) ।

सरकारले धनुषाको कुर्थादेखि भारतको जयनगरसम्म रेल सञ्चालनका लागि आवश्यकताका आधारमा दक्ष प्राविधिकसहित २२६ कर्मचारी थप गर्ने भएको छ ।

रेल्वे कम्पनीमा अहिले जनशक्ति ज्यादै न्यून रहेकाले थप गर्न लागिएको रेल विभागले जनाएको छ । मन्त्रिपरिषद्वाट गत महिना नै कर्मचारीका लागि स्वीकृति दिइसकेको महानिर्देशक बलराम मिश्रले बताउनुभयो । सञ्चालक समितिले पास गरेपछि विज्ञापनमार्फत कर्मचारी पूर्ति गर्ने तयारी छ । एक जना प्रमुखसहित रेल सञ्चालन र मर्मतलगायतका कामका लागि इञ्जिनीयरिङ क्षेत्रका जनशक्ति आवश्यक छ । त्यससँगै प्रशासन, लेखालगायतका कर्मचारी आवश्यक भएको विभागले जनाएको छ ।

उहाँले भन्नुभयो, "कम्पनीमा अहिले महानिर्देशक नभएकाले हामीले नै पदपूर्तिको प्रक्रिया अघि बढाएका छौँ ।" रेल सञ्चालनका लागि रेलमार्ग निर्माण सम्पन्न भइसकेको छ भने रेल सेट निर्माण सकिएको विभागले जनाएको छ ।

भारतबाट हिँडेको रेल सेट झण्डै १० दिनमा नेपाल आइपुग्ने रेल विभागले जनाएको छ । सरकारले भारतीय सरकारी कम्पनी कोनकान कम्पनीमार्फत रेल सेट खरिद प्रक्रिया अघि बढाएको थियो । सो रेल सेट आइपुगेको केही समयपछि सञ्चालन गर्न सकिने उहाँले बताउनुभयो । दुई सेट खरिद गर्न लागिएकामा पहिलो सेट आइपुगेको केही समयपछि अर्को आइपुग्ने महानिर्देशक मिश्रले बताउनुभयो ।

सरकारले अहिले दुई सेट खरिद गर्दा त्यसमा जम्मा १० डिब्बा रहन्छन् । यी दुई सेटको क्षमता एक हजार २०० सम्म यात्रु बोक्ने रहेको छ । भारतको जयनगरबाट धनुषाको कुर्थासम्म ३५ किलोमिटर लम्बाइको यो रेलमार्गका अरु भौतिक पूर्वाधार निर्माण भइसकेको छ । यस क्षेत्रमा रेल लाइन तथा रेल्वे स्टेशन तयार भइसकेको विभागले जनाएको छ । हाल जयनगरबाट कुर्थासम्मको रेलमार्ग निर्माण सकिएकामा आगामी दिनमा यसलाई विजुलपुरासम्म विस्तार गरिनेछ ।

# श्रमिक संघ सप्तरी गठन

**दैनिक समाचारदाता**
**राजविराज, १६ फागुन ।**

श्रमिकहरुको पेशागत हकहितको सुरक्षा तथा सम्बर्द्धन गर्ने उद्देश्यले शुक्रबार राजविराजमा मो. बिन्देश्वरको अध्यक्षतामा १५ सदस्यी नेपाल निर्माण तथा सम्बद्ध श्रमिक संघ सप्तरी गठन गरिएको छ ।

आयोजित एक भेलाबाट गठित समितिको उपाध्यक्षमा रामसेवक राम, महिला उपाध्यक्षमा जिवछी देवी सदा, सचिवमा मिश्रीलाल यादव, सह सचिवमा तेज नारायण यादव र कोषाध्यक्षमा महेन्द्र मण्डलको चयन गरिएको छ । यस्तै सदस्यहरुमा आशा राम यादव, मो. सुल्तान, महेश मण्डल, देव नारायण यादव, अनिल चौहान तथा सल्लाहकारमा मो. सफिदको चयन गरिएको संघले जनाएको छ ।

संघका केन्द्रिय अध्यक्ष जे.बि. गुरुङ तथा पुर्व केन्द्रिय सदस्य भोगेन्द्र झाको विशेष उपस्थितिमा समिति गठन गरिएको जनाइएको छ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*